काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १६४ | शुक्रवार, १३ चैत, २०८२ | Friday, 27 Mar. 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

लामो राजनीतिक रस्साकस्सीपछि ‘कखेप’को सदस्य सचिव नियुक्त

> करिब डेढ वर्षसम्म विभिन्न राजनीतिक दलहरूबीच सहमति जुट्न नसक्दा नियुक्ति प्रक्रिया अघि बढ्न सकेको थिएन ।

को हुन्, सदस्य सचिव चन्द ?



परिषद्को सदस्य सचिवमा नियुक्त भएका रवीन्द्र चन्द ठकुरी नेपाली खेलकुद व्यवस्थापन, फुटबल प्रशासन र बजारीकरण क्षेत्रका एक अनुभवी र बहुआयामिक व्यक्तित्व हुन् । कर्णाली प्रदेशको दैलेख, चौराठामा जन्मिएका ठकुरी हाल सुर्खेतको वीरेन्द्रनगर-७ का स्थायी बासिन्दा हुन् । उनले त्रिभुवन विश्वविद्यालयको शंकरदेव क्याम्पसबाट व्यवसाय प्रशासनमा स्नातक र डन बास्को कलेजबाट मार्केटिङ तथा ब्रान्डिङ विषयमा स्नातकोत्तर सम्पन्न गरेका छन् । खेलकुदको प्राविधिक पक्षमा पनि विशेष दख्खल राख्ने ठकुरीले एएफसी ‘बी’ र ‘सी’ लाइसेन्स कोचिङ कोर्स पूरा गर्नुका साथै खेलकुद व्यवस्थापन सम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यशालाहरूमा सक्रिय सहभागिता जनाएका छन् । हाल अखिल नेपाल फुटबल संघ (एन्फा) को केन्द्रीय कार्यसमिति सदस्यका रूपमा कार्यरत ठकुरीले संघभित्र प्रभावशाली भूमिका निर्वाह गर्दै आएका छन् । उनले एन्फाको ’कमर्सियल राइट्स, ब्रोडकास्टिङ तथा डिजिटल राइट्स समिति’को संयोजक र ’दीर्घकालीन रणनीतिक योजना तथा कार्यक्रम संशोधन समिति’को सदस्यका रूपमा आफ्नो व्यावसायिक कुशलता प्रदर्शन गरिसकेका छन् ।

उनको अब्बल नेतृत्व क्षमता कतार एयरवेज शहीद स्मारक ‘ए’ डिभिजन लिग २०२३ मा मार्केटिङ समितिको संयोजक र सन् २०२२ को साफ महिला च्याम्पियनसिपमा भेन्यु म्यानेजरको रूपमा सफल प्रमाणित भइसकेको छ । यसबाहेक, उनले महिला ओलम्पिक छनोट, साफ यू-२० च्याम्पियनसिप, एएफसी च्यालेन्ज लिग र फिफा विश्वकप छनोट जस्ता अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा स्थानीय आयोजक समितिको महत्त्वपूर्ण जिम्मेवारी सम्हालेका छन् ।

ठकुरी आरसी ३२ फुटबल एकेडेमी (रारा रेन्जर्स) का संस्थापक अध्यक्ष पनि हुन् । यो क्लब कर्णाली प्रदेश र समग्र पश्चिम नेपालकै पहिलो क्लब हो, जसले एन्फाको राष्ट्रिय फुटबल पिरामिड अन्तर्गत ’बी’ डिभिजनको यात्रा तय गरेर ऐतिहासिक सफलता हासिल गरेको छ । सन् २०१५ देखि उनी विभिन्न खेलकुद इभेन्टहरूमा परामर्शदाताको रूपमा समेत सक्रिय रहँदै आएका छन् । प्रशासकीय भूमिकामा आउनुअघि चन्द एक सफल खेलाडी समेत थिए । उनले क्रिकेटमा यू-१५, यू-१९ र सिनियर टोलीबाट राष्ट्रिय स्तरमा प्रतिनिधित्व गरिसकेका छन् भने छैटौं राष्ट्रिय खेलकुदमा फुटबल खेलाडीका रूपमा सहभागी थिए । प्रशिक्षकको रूपमा उनले शंकरदेव क्याम्पसको फुटबल र क्रिकेट टोलीलाई प्रशिक्षण दिई उत्कृष्ट नतिजा दिलाउन सफल भएका थिए । नेपाली, अंग्रेजी र हिन्दी भाषामा विशेष पकड राख्ने ठकुरी आफ्नो कार्यकुशलता, स्पष्ट भिजन र समर्पणका कारण नेपाली खेलकुदलाई थप व्यावसायिक र उचाइमा पुऱ्याउन निरन्तर क्रियाशील रहने दावी गर्छन् ।

काँक्रेविहार संवाददाता

सुर्खेत, १२ चैत

कर्णाली खेलकुद विकास परिषद् ‘कखेप’को लामो समयदेखि रिक्त रहेको सदस्य सचिव पदमा अन्ततः नियुक्ति भएको छ । कर्णाली प्रदेश सरकारको बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले वीरेन्द्रनगर नगरपालिका-७ निवासी रवीन्द्र चन्द ठकुरीलाई सदस्य सचिवमा नियुक्त गर्ने निर्णय गरेको हो ।

२०८१ साल पुस महिनादेखि रिक्त रहेको उक्त पद पूर्व सदस्य सचिव विश्वामित्र सञ्यालको कार्यकाल सकिएपछि खाली भएको थियो । त्यसयता करिब डेढ वर्षसम्म विभिन्न राजनीतिक दलहरूबीच सहमति जुट्न नसक्दा नियुक्ति प्रक्रिया अघि बढ्न सकेको थिएन ।

कर्णाली प्रदेश सरकारकै सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेबीच भागबण्डा नमिल्दा नियुक्ति लामो समयसम्म अन्योलमा परेको थियो । पछिल्लो समय दुई दलबीच सहमति जुटेपछि सदस्य सचिव नियुक्तिको बाटो खुलेको हो ।

नवनियुक्त सदस्य सचिव ठकुरीले पदभार ग्रहण गरेसँगै परिषद्को कामकारबाहीले गति लिने अपेक्षा गरिएको छ । खेलकुद क्षेत्रको विकास, पूर्वाधार विस्तार तथा खेलाडी उत्पादनमा परिषद्को भूमिका महत्वपूर्ण रहने भएकाले अबका दिनमा ठोस कार्यक्रम ल्याउने चुनौती उनको सामु रहेको छ ।

यस नियुक्तिसँगै कर्णाली प्रदेशको खेलकुद क्षेत्रले नयाँ नेतृत्व पाएको छ, भने लामो समयदेखि अन्योलमा रहेको प्रशासनिक संरचनाले समेत पूर्णता पाएको हो ।

त्यसैगरी, परिषद्को उपाध्यक्ष पदमा वीरेन्द्रनगर नगरपालिका वडा नं. ५, सुर्खेतका प्रमोद हमाललाई नियुक्त गरिएको छ । भने विभागीय सामाजिक विकास मन्त्री परिषदको अध्यक्ष बन्ने व्यवस्था छ ।

बैठकले परिषद्को सदस्यहरुमा पंखबहादुर मल्ल, भीमकुमारी भुसाल, गोर्खबहादुर शाही, पवनकुमार थापा र किरणकिशोर सापकोटालाई नियुक्त गर्ने निर्णय भएको प्रदेश सरकारका प्रवक्ता एवम् भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री विनोदकुमार शाहले जानकारी दिए ।

परिषद्को सदस्य सचिव नियुक्ति लामो समयसम्म रोकिँदा सरोकारवाला निकायहरूले यसलाई फरकफरक तरिकाले व्याख्या गरेका थिए । अधिकांश सरोकारवालाहरूले राजनीतिक असहमतिका कारण खेलकुद क्षेत्र प्रभावित भएको भन्दै चिन्ता व्यक्त गरेका थिए ।

खेलकुदकर्मी तथा प्रशिक्षकहरूले परिषद्को नेतृत्व खाली हुँदा नीति निर्माण, कार्यक्रम सञ्चालन र बजेट कार्यान्वयनमा ढिलाइ भएको बताएका थिए । उनीहरूका अनुसार राजनीतिक भागबण्डा नमिल्दा खेलाडी र खेलकुद संस्थाहरू प्रत्यक्ष रूपमा मारमा परेका थिए । केही खेलकुद संघहरूले भने नियुक्ति प्रक्रियालाई छिटो टुंग्याउन सरकारलाई पटक-पटक ध्यानाकर्षण गराएका थिए ।

त्यस्तै, खेलकुद क्षेत्रमा काम गर्ने स्थानीय सरोकारवाला र विश्लेषकहरूले खेलकुद जस्तो क्षेत्रलाई राजनीतिक विवादभन्दा माथि राखेर निर्णय गर्नुपर्ने धारणा राखेका थिए । उनीहरूको भनाइमा, लामो समयसम्म नेतृत्व खाली रहँदा परिषद्को योजनाबद्ध काम प्रभावित भएको थियो । भने १० औं राष्ट्रिय खेलकुद प्रतियोगितादेखि प्रदेशस्तरका विभिन्न प्रतियोगिता तथा विकास कार्यक्रमहरूमा समेत असर परेको थियो ।

अर्कोतर्फ, सरकार पक्षका नेताहरूले भने राजनीतिक सहमति आवश्यक पर्ने पद भएकाले प्रक्रिया केही समय लम्बिएको बताएका थिए । उनीहरूका अनुसार दलहरूबीच सहमति जुटेपछि नियुक्ति सम्भव भएको र अब परिषद्को कामकारबाही व्यवस्थित रूपमा अघि बढ्ने विश्वास व्यक्त गरिएको छ । राजनीतिक असहमति सरोकारवाला निकायहरूका लागि चिन्ताको विषय बनेको थियो, भने अब नयाँ नियुक्तिसँगै खेलकुद क्षेत्रले गति लिने अपेक्षा गरिएको छ ।

नवनिर्वाचित सांसदहरूको शपथ सम्पन्न, संसद् गतिविधि औपचारिक रूपमा सुरू

काँक्रेविहार संवाददाता

काठमाडौं, १२ चैत

हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनबाट निर्वाचित सांसदहरूले बिहीबार पद तथा गोपनीयताको शपथ लिँदै संसदीय यात्राको औपचारिक सुरुआत गरेका छन् ।

संघीय संसद् सचिवालयका अनुसार नवनिर्वाचित सांसदहरू सिंहदरबारस्थित संसद् भवनमा आयोजित कार्यक्रममा सहभागी भई शपथ ग्रहण गरेका हुन् । उनीहरूलाई प्रतिनिधिसभाका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले पद तथा गोपनीयताको शपथ गराएका छन् ।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनबाट प्रत्यक्ष तथा समानुपातिक निर्वाचन प्रणालीमार्फत निर्वाचित सांसदहरू पहिलो पटक एकै थलोमा भेला भई शपथ ग्रहणमा सहभागी भएका हुन् । शपथ ग्रहणसँगै संसद् सञ्चालनका लागि आवश्यक संवैधानिक प्रक्रिया औपचारिक रूपमा अघि बढेको छ ।

शपथ ग्रहण कार्यक्रमपछि संघीय संसद् सचिवालयले नवनिर्वाचित सांसदहरूलाई आवश्यक सामग्रीसहितको झोला उपलब्ध गराएको छ । उक्त झोलामा संविधान, प्रतिनिधि सभा नियमावली तथा संघीय संसद्का दुवै सदनको संयुक्त बैठक सञ्चालनसम्बन्धी नियमावलीलगायतका महत्त्वपूर्ण कानुनी दस्तावेजहरू समावेश गरिएको छ ।

सचिवालयका अनुसार सांसदहरूलाई आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्न आवश्यक आधारभूत कानुनी ज्ञान उपलब्ध गराउने उद्देश्यले यी सामग्री प्रदान गरिएको हो । संविधानले निर्दिष्ट गरेका प्रतिनिधिसभाका अधिकार, कर्तव्य तथा कार्यप्रणालीका विषयमा सांसदहरूलाई जानकारी गराउन यस्तो व्यवस्था गरिएको बताइएको छ ।

नेपालको संघीय संसद् दुई सदन, प्रतिनिधि सभा र राष्ट्रिय सभाबाट बनेको छ । यी दुवै सदनको संयुक्त बैठक सञ्चालन प्रक्रिया, विधेयक पारित गर्ने तरिका तथा संसदीय अभ्याससम्बन्धी आधारभूत विषयहरू अध्ययन गर्न सहज होस् भन्ने उद्देश्यले पनि सामग्री वितरण गरिएको सचिवालयले जनाएको छ ।

शपथ ग्रहणसँगै अब नयाँ प्रतिनिधिसभाले सभामुख चयन, संसदीय दलहरूको औपचारिक गठन तथा विधेयक प्रक्रिया अघि बढाउने जस्ता महत्वपूर्ण कार्यहरू सुरु गर्नेछ । यससँगै देशको विधायिकी प्रक्रिया पनि नयाँ चरणमा प्रवेश गरेको छ ।

रास्वपा संसदीय दलको नेतामा बालेन चयन

काँक्रेविहार संवाददाता

काठमाडौं, १२ चैत

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संसदीय दलको नेतामा बालेन्द्र शाह (बालेन) चयन भएका छन् । बिहीबार साँझ सम्पन्न पार्टी संसदीय दलको बैठकले उनलाई दलको नेतामा चयन गरेको हो । त्यसअघि बिहीवार बसेको केन्द्रीय समिति बैठकले उनलाई दलको नेता चयन गर्ने सर्वसम्मत निर्णय गरेको थियो । त्यसपश्चात बसेको दलको बैठकले उनलाई दलको नेता चयन गरेको प्रवक्ता मनिष झाले जानकारी दिए । बालेन दलको नेता चयन भएसँगै धारा ७६ को उपधारा १ अनुसार प्रधानमन्त्री बन्ने बाटो पनि खुलेको छ । उनले आज प्रधानमन्त्री पदको शपथ लिँदैछन् । ‘राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह राष्ट्रिय स्वतन्त्र पार्टीको संसदीय दलको नेता तथा प्रधानमन्त्रीको उम्मेदवारको रूपमा केन्द्रीय समिति तथा संसदीय दलको नेताको रूपमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेद्वारा प्रस्ताव सर्वसम्मत रूपमा पारित भएको छन्’ झाले भने ।

अवैध जडीबुटी बरामदमा सक्रियता

काँक्रेविहार संवाददाता

सुर्खेत, १२ चैत

डिभिजन वन कार्यालय सुर्खेतले बहुमूल्य जडीबुटीको अवैध निकासी र वन्यजन्तुको चोरीसिकारी नियन्त्रणमा आफ्नो सक्रियतालाई तीव्र पारेको छ । चालु आर्थिक वर्षको चैत दोस्रो सातासम्मको तथ्याङ्कले वन संरक्षणको क्षेत्रमा कार्यालयले महत्वपूर्ण सफलता हात पारेको देखाउँछ । यो सक्रियताले प्राकृतिक स्रोतको दोहन गर्ने र कानुनको उल्लंघन गर्नेहरूका लागि कडा चेतावनी दिएको छ ।

डिभिजन वन कार्यालयका सूचना अधिकारी एवं वरिष्ठ वन अधिकृत नवराज पौडेलका अनुसार यस अवधिमा कुल ९ वटा गम्भीर मुद्दाहरू दर्ता भएका छन् । जसमा वन पैदावारतर्फ मात्रै ६ वटा मुद्दा मुद्दा छन् । यो भनेको काठ र जडीबुटी चोरी निकासी सम्बन्धी मुद्दाहरू हुन् । त्यस्तै वन्यजन्तुतर्फ ३ वटा मुद्दा छन् । जसमा जरायो र बँदेलको मासु बरामद गरिएको घटनासँग सम्बधित हुन् । यो अवधिमा १८६ क्युफिट काठ र लेकबँसीको आरनटुँडाबाट संकलित ४९ टन प्रतिबन्धित ‘गुजरगानो’ जडीबुटी नियन्त्रणमा लिइएको छ । कार्यालयले केवल मुद्दा दर्ता मात्र गरेको छैन, फैसला र जरिवाना असुलीमा पनि तदारुकता देखाएको छ । जसमा फैसला भएका मुद्दाहरू मध्ये ४ वटाको फैसला भएको छ । यी सबै वन पैदावार सम्बन्धी मुद्दाहरू हुन् । त्यस्तै २९१ केजी झ्याउ, १२ केजी सिस्नुको पात र ७९ क्युफिट सालको काठ गरेको छ भने उल्लेखित मुद्दाहरूबाट ३ लाख ७१ हजार ४०८ रुपैयाँ जरिवाना असुल गरिएको छ ।

सूचना अधिकारी पौडेलका अनुसार, देशमा भएको ‘जेनजी’ आन्दोलनको राजनीतिक अस्थिरतालाई मौका छोपेर बराहतालको गिरीघाट जङ्गलमा अवैध रूपमा निर्माण गरिएका ४६ वटा घरटहरा सुरक्षा निकायको सहयोगमा भत्काइएको छ ।

कर्णालीको शिक्षा सुधारका लागि १० वर्षे गुरुयोजना अन्तिम चरणमा

काँक्रेविहार संवाददाता

सुर्खेत, १२ चैत

कर्णाली प्रदेश सरकारले आगामी एक दशकका लागि तयार पारिरहेको महत्वाकांक्षी ‘शिक्षा सुधार योजना’ कार्यान्वयनको अन्तिम चरणमा पुगेको छ । सामाजिक विकास मन्त्रालयले शैक्षिक वर्ष २०८२/८३ देखि २०९१/९२ सम्म लागू हुने गरी तयार पारेको यो दीर्घकालीन रणनीतिले प्रदेशको शिक्षा प्रणालीलाई आधुनिक, प्रविधिमैत्री र समावेशी बनाउने लक्ष्य लिएको छ ।

सरकारले यस योजनालाई केवल औपचारिक दस्तावेजका रूपमा नभई कर्णालीको समग्र विकासको आधारस्तम्भका रूपमा लिएको छ । शिक्षा क्षेत्रको सुधारमार्फत प्रदेशलाई पिछडिएको अवस्थाबाट विकासोन्मुख दिशातर्फ



अग्रसर गराउने उद्देश्यसहित यो योजना अघि बढाइएको हो ।

शैक्षिक विकास महाशाखा प्रमुख सुवर्ण खड्काका अनुसार १० वर्षे यो अभियानले साक्षरतामा मात्र सीमित नभई ज्ञान, सीप र सकारात्मक सोच भएका सक्षम नागरिक उत्पादनमा केन्द्रित हुनेछ । “शिक्षा प्रणालीलाई व्यवहारिक र जीवनोपयोगी बनाउँदै निरन्तर सिकाइको संस्कृतिको विकास गर्नु हाम्रो मुख्य लक्ष्य हो,” उनले बताए ।

गुरुयोजनाले शिक्षा क्षेत्रमा देखिएका दीर्घकालीन समस्याहरू समाधान गर्न विभिन्न रणनीतिहरू अघि सारेको छ । विशेषगरी प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गरी उच्च शिक्षालाई श्रम बजारसँग जोड्ने, दक्ष जनशक्ति उत्पादन गर्ने र युवालाई रोजगारीमुखी बनाउन विशेष जोड दिइएको छ ।

त्यसैगरी विद्यालय तथा कलेजहरूलाई सुरक्षित, समावेशी र विद्यार्थीमैत्री बनाउने नीति पनि योजनामा समेटिएको छ । शिक्षण संस्थाहरूलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाउँदै ‘लर्निङ सेन्टर’को रूपमा विकास गर्ने लक्ष्य राखिएको छ ।

प्रविधिको प्रयोगलाई शिक्षा प्रणालीमा केन्द्रमा राख्दै परम्परागत शिक्षण पद्धतिलाई क्रमशः आधुनिक डिजिटल प्रविधिमार्फत प्रतिस्थापन गर्ने नीति लिइएको छ । यसअन्तर्गत ई-लर्निङ, डिजिटल सामग्री, स्मार्ट कक्षा र सूचना प्रविधिमा आधारित शिक्षण विधिको विस्तार गरिनेछ ।

सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले यस योजनाले कर्णालीको शिक्षा क्षेत्रलाई व्यवस्थित बाँकी पृष्ठ ४र

डिजिटल युगको विश्वसनीय आवाज

www.kankrebihar.com

सम्पादकीय

निष्पक्षता र संवेदनशीलतामा ध्यान दिन आवश्यक

सुर्खेतकी १६ वर्षीया इनिशा विकको रहस्यमय हत्या घटनाको अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालय सुर्खेतमा बुझाइएको छ । जिल्ला प्रहरी कार्यालय सुर्खेतले प्रतिवेदन बुझाएको हो । यो घटनाले न्याय प्रणाली, अनुसन्धान प्रक्रिया र सामाजिक संवेदनशीलताको गम्भीर परीक्षण गरेको छ । प्रारम्भिक रूपमा सामूहिक बलात्कारपछि हत्या भएको आशंकाले समाजमा तीव्र आक्रोश थियो । यसले पीडितप्रति सहानुभूति पैदा पनि गर्यो । तर पछिल्लो अनुसन्धान प्रतिवेदनले सामूहिक बलात्कार नभई जबरजस्ती करणीपछि भएको गम्भीर शारीरिक चोटका कारण अत्यधिक रक्तश्रावबाट मृत्यु भएको निष्कर्ष निकालेको छ । यो निष्कर्षसँगै घटनाले नयाँ मोड लिएको छ । तर यसले केही महत्वपूर्ण प्रश्नहरू पनि उठाएको छ । किनकी के अनुसन्धान पूर्ण रूपमा निष्पक्ष र वैज्ञानिक छ ? भन्नेमा प्रश्न उठेको हो । यस्तै के पीडित परिवारले न्याय पाउने विश्वास गर्न सक्छन ? र के हाम्रो न्याय प्रणालीले यस्ता संवेदनशील घटनामा पर्याप्त पारदर्शिता देखाउन सक्छ ? भन्ने पनि प्रश्न उठाएको छ ।

यता प्रहरीले अत्याधुनिक प्रविधि प्रयोग गरेर अनुसन्धान गरेको दाबी गरेको छ, भने केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी) समेत खटिएको थियो । यद्यपि अझै केही प्राविधिक प्रतिवेदन आउन बाँकी रहेको भनिएको छ । यसले स्पष्ट संकेत गर्छ कि अनुसन्धान पूर्ण रूपमा टुंगिएको छैन । यस्तो अवस्थामा हतारमा निष्कर्ष सार्वजनिक गर्नुले झनै अन्योल र अविश्वास पनि बढाउन सक्छ । पीडित परिवारले शव नबुझ्ने अडान लिनु केवल भावनात्मक प्रतिक्रिया मात्र होइन । यो न्यायप्रतिको गहिरो आशंका पनि हो । जबसम्म उनीहरूले निष्पक्ष र पारदर्शी अनुसन्धानको अनुभूति गर्दैनन् । तबसम्म यस्तो अविश्वास हटाउन कठिन हुन्छ । राज्यका निकायहरूले पनि यो पीडा बुझ्न जरूरी छ । अर्कोतर्फ, मुख्य अभियुक्तविरूद्ध जबरजस्ती करणी र कर्तव्य ज्यानसम्बन्धी मुद्दामा जन्मकैदको माग गरिएको छ । भने अन्य तीन जनामाथि पनि लापरबाहीका आधारमा कर्तव्य ज्यानको मुद्दा चलाइएको छ । यसले कानूनले दोषीलाई उन्मुक्ति नदिने संकेत अवश्य दिन्छ । तर कानूनी प्रक्रिया केवल सजायको मागसम्म सीमित हुँदैन । त्यो निष्पक्ष सुनुवाइ, प्रमाणको गहिरो परीक्षण र न्यायिक स्वतन्त्रताको सुनिश्चिततासँग जोडिएको हुन्छ । गएको २३ फागुनमा सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-१, कि १६ वर्षीया इनिशाको रहस्यमय तवरबाट हत्या भएको थियो । प्रहरीले इनिशाको मृत्युको कारण पत्ता लगाउन उच्च प्रविधिको प्रयोग गरेको थियो । पीडित परिवारले घटनामा संलग्नहरू माथि कारवाही नहुन्जेल शव नबुझ्ने अडान लिएका छन् । १९ दिनयता इनिशाको शव कर्णाली प्रदेश अस्पतालको शव गृहमा अलपत्र छ ।

नेपालमा जबरजस्ती करणी र कर्तव्य ज्यान गम्भीर फौजदारी अपराध हुन् । जसका लागि मुलुकी अपराध संहिता, २०७४ अनुसार कडा सजायको व्यवस्था छ । यस्ता घटनामा सबैभन्दा ठूलो चुनौती सत्यको खोजी हो । सामाजिक सञ्जाल र जनभावनाले कहिलेकाहीँ अनुसन्धानलाई प्रभावित पार्न सक्छन् । त्यसैले न त हतारमा कसैलाई दोषी ठहर गर्नु उचित हुन्छ, न त पीडितको आवाजलाई बेवास्ता गर्नु नै । अबको आवश्यक भनेको स्वतन्त्र, पारदर्शी र वैज्ञानिक अनुसन्धानको निरन्तरता पनि हो । त्यसैले बाँकी रहेका फरेन्सिक तथा प्राविधिक प्रतिवेदनहरू पनि शीघ्र सार्वजनिक गरिनुपर्छ । अदालतले प्रमाणका आधारमा निष्पक्ष फैसला दिनुपर्छ । भने पीडित परिवारलाई मनोवैज्ञानिक तथा कानूनी सहयोग उपलब्ध गराइनु अत्यावश्यक छ । इनिशा विकको मृत्यु केवल एक आपराधिक घटना मात्रै होइन, यो हाम्रो न्याय प्रणालीप्रतिको विश्वासको परीक्षा पनि हो । यदि यस घटनामा सत्य स्थापित हुन्छ र दोषीले उचित सजाय पाउँछन् भने मात्र समाजमा न्यायप्रतिको विश्वास मजबुत हुनेछ । अन्यथा, यस्ता घटनाले राज्यप्रति जनविश्वास झन् कमजोर बनाउने खतरा रहन्छ । त्यसैले न्याय ढिलो हुनसक्छ, तर अन्याय हुनु हुँदैन र यही सिद्धान्तलाई केन्द्रमा राखेर सम्बन्धित सबै निकाय अघि बढ्नुपर्छ ।

चक्रव्यूहमा जकडिएको हाम्रो परराष्ट्र सम्बन्ध



भानुप्रसाद आचार्य

अनिश्चितताको कठिन स्थितिमा शान्तिपूर्णरूपमा चुनाव सम्पन्न भएकोमा अन्तरिम सरकार, सुरक्षा निकाय, राजनीतिक दल र नेपाली जनता लोकतान्त्रिक पद्धतिको निरन्तरताका लागि प्रशंसा तथा सम्मानका योग्य भएका छन् ।

लोकतान्त्रिक निर्वाचनमा जितहार स्वाभाविक हुन्छ । जित्ने र हार्ने सबैले लोकतान्त्रिक पद्धति एवं मूल्यमान्यताको मूल बाटोमा राष्ट्रिय हित सर्वोपरि हो भन्ने मन्त्रलाई मन, वचन र कर्मले आत्मसात् गरी नयाँ परिवेशको अन्तर्राष्ट्रिय सम्बन्धमा हातेमालो गरेर अगाडि बढ्नु यतिखेरको आवश्यकता हो ।

जित्ने पक्षले करिब दुईतिहाइको दम्भमा मात्तिएर वा हौसिएर अधिनायकवादी स्वरूप, लोकरिझ्याइँको कुअस्त्र, अल्पमतको तिरस्कार, नागरिक स्वतन्त्रताको नियन्त्रण र ढुलमुले विदेश सम्बन्धजस्ता क्रियाकलापबाट टाढा रही लोकतन्त्रको संवर्द्धन र संरक्षणमा सधैँ सजग र उत्तरदायी बन्नुपर्छ । सुशासन, सुदृढ सार्वजनिक सेवा, इमानदारी र समृद्धिको आशा एवं भरोसामा व्यक्त जनमतमा कुठाराघात गर्नु हुँदैन । विगतका सरकारहरूका क्रियाकलापबाट सिर्जित असन्तुष्टिको जगमा खडा भएको सरकारले समृद्धिको सुखद आशामा एकोहोरिएको जनमत व्यवस्थापनको गम्भीर दायित्व इमानदारीपूर्वक निर्वाह गर्नुपर्नेछ । नयाँ दलले प्राप्त गरेको जनमतको अवसरलाई सभ्य राजनीतिक लोकतान्त्रिक संस्कार, राष्ट्रिय हित तथा स्वाधीनताको रक्षा, विनयशील सेवासुविधा प्रवाह, सुशासन र उत्कृष्टताको पहिचान तथा सम्मानलाई केन्द्रमा राखी नीति निर्माण तथा कार्यान्वयन गर्नुपर्छ । परराष्ट्र सम्बन्धमा राष्ट्रिय सहमति जुटाउने मुख्य जिम्मेवारी सरकारको हुन्छ ।

हार्ने पक्ष निरुत्साहित भई समर्पण भावमा निष्क्रिय रहेमा थप मनोविकार उत्पन्न भई एकातिर नागरिक अधिकारमा कटौती हुने र राष्ट्रिय हितका महत्त्वपूर्ण विषयमा सत्तासीनको एकाधिकार बढेर राष्ट्रियता कमजोर हुने जोखिम रहन्छ । अर्कोतिर राष्ट्रिय स्वार्थ तथा वैदेशिक सम्बन्धका विषयमा आवाज कमजोर भएमा तथा सर्वसाधारण जनतासँगको सामीप्यमा कमी आएमा लोकतन्त्र कमजोर हुन सक्छ ।

यस्तो स्थितिमा विगतका कमीकमजोरी सुधार गर्दै जनमतको सम्मान, दलगत सङ्गठनमा संस्थागत सुधार, राष्ट्रिय स्वार्थको पक्षमा संसद्मा सक्रिय उपस्थिति र जनसरोकारका विषयमा जवाफदेही एवं जनमुखी प्रतिनिधिको रूपमा उभिनु जरुरी छ । परराष्ट्र सम्बन्धमा राष्ट्रिय हितको सर्वोपरितामा ऐक्यबद्धता जनाउनु र राष्ट्रिय स्वार्थमा आँच पुग्ने कुरामा सशक्त विमति राख्नुपर्नेछ ।

ज्वारभाटाबीच अन्तर्राष्ट्रिय सम्बन्ध

विश्व व्यवस्थामा आएको राजनीतिक आर्थिक परिवर्तनको ज्वारभाटाबाट नेपाल अछुतो रहन सक्दैन । द्विपक्षीय वा बहुपक्षीय सम्बन्धको सुधार तथा विस्तार परिस्थितिअनुरूप आन्तरिक तथा बाह्य वातावरणमा निर्भर गर्छ । जसरी व्यवहारमा शत्रुता, मित्रता र असंलग्नता आफ्नै वा अर्काको क्रियाकलापले परिवर्तन हुन्छ त्यसरी नै मुलुकहरूबीचको सम्बन्धमा प्रगाढता, तिक्तता र निरपेक्षता गाँसिएको हुन्छ ।

व्यक्ति बिरलैमात्र एक्लोपनामा समाजमा जिउन सक्छ । तैपनि सार्थक एवं प्रभावकारी जीवन जिउन सक्दैन । विश्व समाजमा अस्तित्व कायम राख्न मुलुकको सार्वभौमिकता, अखण्डता, स्वाधीनता र राष्ट्रिय हितलाई प्रमुख तत्त्व मानेर सामयिक सुधारको रणनीति अन्तर्राष्ट्रिय सम्बन्धले खोज्छ ।

नेपालको संविधानमा असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यतामा स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने उल्लेख भए पनि व्यवहारमा राष्ट्रिय सुरक्षा, स्वाधीनता, प्राकृतिक स्रोतसाधनको उपयोग र वैदेशिक सम्बन्धमा सन्तुलन राख्नेजस्ता रणनीतिहरूमा बेलाबेलामा हामी चुकेका छौँ ।

राष्ट्रिय साझा परराष्ट्र नीतिको कथनीमा सिद्धान्ततः दलहरूका चुनावी वाचामा उल्लेख हुने गरेको पाइए पनि विगतका करनीमा असङ्गति देखिएका छन् । आफू वा आफ्नो दलको राजनीतिक स्वार्थ प्राप्त गर्ने उद्देश्यले राष्ट्रिय स्वार्थबाहिर गएर परराष्ट्र सम्बन्ध परिचालित भएका छन् । राष्ट्रिय स्वार्थका विषयमा साझा नीति र कार्यान्वयनमा ऐक्यबद्धता आवश्यक छ ।

'दुई ढुङ्गाबीचको तरुल' को पुरातन मान्यतालाई आधुनिक प्रविधि, बहुध्रुवीय विश्व, सञ्जालको जञ्जाल, एकात्मक सोच, बलियोले निर्धोलाई थिच्ने प्रवृत्ति र संयुक्त राष्ट्रसङ्घ तथा बहुपक्षीय सङ्घ संस्थाहरूको मूल्य मान्यतामा क्षयीकरण एवं कमजोर उपस्थितिले नेपालजस्ता साना मुलुकहरूको सुरक्षा, स्वाधीनता र राष्ट्रिय हितको संरक्षणमा अन्योल बढाएको छ । करिब १७ लाख नेपाली कार्यरत रहेको पश्चिम एसियामा जारी युद्धले आपूर्ति शृ-ला र मूल्यवृद्धिमा पर्ने नकारात्मक प्रभावको तत्काल व्यवस्थापन र दक्षिण एसियाली मुलुकहरूको कूटनीतिक सन्तुलनले भूराजनीतिक महत्त्व राख्छ ।

वर्तमानमा चिसिएको दुवै छिमेकी मुलुकसँगको सम्बन्धलाई नयाँ सरकारले सुदृढ गर्न समानताका आधारमा सन्तुलित र गतिशील कूटनीति अवलम्बन गरी राष्ट्रिय हित सुनिश्चित गर्नुपर्नेछ । जटिल परराष्ट्र सम्बन्धको व्यवस्थापन कौशलपूर्ण ढङ्गले गर्नुपर्ने गम्भीर चुनौती सरकारमाथि छ ।

दक्षिण एसियाली छिमेकी मुलुकहरूको स्थिति

विश्व व्यवस्थामा देखापरेको आत्मकेन्द्रित राजनीतिक आर्थिक सोच एवं रणनीतिको प्रत्यक्ष प्रभाव नेपालमा पनि परेको छ । उदारवादी सुधारको सोच, विधि र संस्थामा ग्रहण लागेको करिब दुई दशक बितिसक्यो । नेपालको आर्थिक सुधारको क्रमलाई आन्तरिक तथा बाह्य कारणले अवरोध पुऱ्याए पनि आर्थिक समृद्धिको मूलभूत मुद्दालाई विदेश नीतिले छाड्नु हुँदैन ।

अहिले आत्मकेन्द्रित विदेश नीति अँगालिरहेको शक्तिशाली अमेरिका र सौम्य शक्तिको भूमिकामा रहेका युरोपेली मुलुकहरू छन् । विश्व प्रतिस्पर्धाका रूपमा अगाडि बढिरहेको उत्तरी छिमेकी चीन र क्षेत्रीय नेतृत्वको आकाङ्क्षा बोकेको दक्षिणी छिमेकी भारतबीचको भूरणनीतिक अवस्थितिमा नेपाल छ ।

प्राकृतिक स्रोत साधनले परिपूर्ण मनोरम हाम्रो देशको राजनीतिक आर्थिक भविष्यमा विगतभन्दा गम्भीर परिस्थिति मडारिएको देखिन्छ । परराष्ट्र सम्बन्धमा कुनै खास कित्तामा समर्पित हुने अवस्था छैन । विश्व व्यवस्थामा बहुपक्षीयताको महत्त्व र सामर्थ्य खुम्चिँदै गएको वर्तमान परिस्थितिमा नेपालको पहुँच कमजोर रहे पनि क्षेत्रीय राजनीतिमा नेपालको भूमिका महत्त्वपूर्ण रहनेछ ।

नेपालको भूराजनीतिक रणनीतिक शक्तिको महत्त्वलाई विगतका सन्धि सम्झौताहरूबाट सिर्जित दायित्व एवं प्रतिबद्धताबाट विमुख हुने छुट र सामर्थ्य नभएकाले परराष्ट्र सम्बन्ध गम्भीर चक्रव्यूहमा जकडिएको अवस्था हो । आन्तरिक राजनीतिक एकता कमजोर भएको अवस्थामा विखण्डन र बाह्य हस्तक्षेपलाई सघाउ पुग्छ ।

शक्तिशाली मुलुकले सन्धि सम्झौताहरूलाई कागजमा सीमित राखेर उल्लङ्घन गर्न सक्ने र कमजोर मुलुकले टुलुटुलु हेरेर स्वीकार्नुपर्ने वर्तमान परिस्थितिमा नयाँ सरकारसामु सौम्य, संयम, समानता र सन्तुलित कूटनीतिबाट स्वाधीनता र राष्ट्रिय स्वार्थको संरक्षण गर्नुपर्ने गम्भीर चुनौती छ । निर्वाचनका क्रममा लागेको वैदेशिक शक्तिको आडभरोसाको सशक्त आरोपको प्रतिवाद आगामी दिनमा स्वाधीनता, समानता र सन्तुलित कर्मले प्रमाणित गर्नुपर्नेछ ।

पूर्व, पश्चिम र दक्षिणतर्फ भारत तथा उत्तरतर्फ चीन दुवै उदीयमान शक्तिहरूबीच भूराजनीतिक महत्त्व बोकेको नेपालले विगतदेखि नै परराष्ट्र सम्बन्धमा विवशताहरू झेल्दै आएको छ । दुई छिमेकीबीच विगतमा युद्ध, सीमा विवादको निरन्तरता, जलस्रोत उपयोगमा मतभिन्नता, क्षेत्रीय प्रभाव विस्तारमा प्रतिस्पर्धा र सुरक्षा व्यवस्थामा संवेदनशीलता कायम रहेको अवस्थामा यी विषयमा असर पार्ने नेपालको अवस्थिति रणनीतिक महत्त्वको भएकाले सन्तुलित सम्बन्ध राख्न सक्नुपर्छ । साथै, हाम्रा आफ्नै सीमा विवाद, नागरिकता विवाद, व्यापार निर्भरता, पहुँच, प्राकृतिक स्रोत साधनको उपयोगमा सीमितता र हेपाहा प्रवृत्तिबाट उन्मुक्तिजस्ता समस्याहरूको समाधान राष्ट्रिय हित र समानताका आधारमा सौम्य कूटनीतिको माध्यमबाट गरिनुपर्नेछ ।

विश्व व्यवस्था एवं दक्षिण एसियाको भूराजनीतिक भुमरीको लपेटामा नेपाल पनि परेको छ । दक्षिण एसियाको छोटो अवधिको राजनीतिक वस्तुस्थिति हेर्दा सत्ता उलटफेर, आन्दोलन र विद्रोहको शृंखलाले अस्थिरता भरिपूर्ण छ ।

पाकिस्तान, अफगानिस्तान र म्यानमारमा भएका विद्रोहलाई सेनाले बल तथा कुटिलता प्रयोग गरी सत्ता सञ्चालन गरिरहेका छन् । बङ्गलादेशमा सन् २०२४ को युवा आन्दोलनले सत्तासीन दलका प्रधानमन्त्री देशबाट भाग्नुपऱ्यो ।

सत्तासीन दललाई प्रतिबन्ध लगाई युवाहरूले नयाँ दल खोलेर अन्तरिम सरकारले गराएको निर्वाचनमा जाँदा न्यून सङ्ख्यामा मात्र चुनाव जितेर चित्त बुझाउनुपऱ्यो । निर्वाचनमा पुरानो विपक्षी दलले बहुमत ल्याएर सरकार बनाएको छ ।

श्रीलङ्कामा सन् २०२२ मा विद्यार्थीको नेतृत्वमा भएको आन्दोलनले वाम झुकाव भएको दल सत्तामा पुग्यो । थाइल्यान्डका प्रधानमन्त्री विदेश पलायन भए । निर्वाचनमा राजतन्त्रवादी पुरातन शक्तिले विजय प्राप्त गऱ्यो । नेपालको 'जेन-जी' विद्रोहबाट बनेको अन्तरिम सरकारले गराएको प्रतिनिधि सभाको निर्वाचनमा पुराना दलहरूलाई निमिट्यान्न पारेर जन्मिएको तीन वर्षमात्र भएको राष्ट्रिय स्वतन्त्र पार्टीले करिब दुईतिहाइ सङ्ख्यामा निर्वाचन जित्न सफल भयो । शान्तिपूर्ण निर्वाचन सम्पन्न भएको श्रेय अन्तरिम सरकारलाई जान्छ ।

बाह्य मुलुकको भूमिका

विसं २००७ सालपछि नेपालमा भएका जनआन्दोलनहरूको संक्षिप्त वस्तुस्थिति नियाल्दा सबैजसो विद्रोह तथा जनआन्दोलनमा विदेशीहरूको प्रत्यक्ष तथा परोक्ष उपस्थिति रहेको पाइन्छ । विसं २००७ सालको आन्दोलनमा अन्तर्राष्ट्रिय परिस्थिति एवं भारतको सहयोगमा राणाशासनको अन्त्य भई प्रजातन्त्रको स्थापना भएको थियो ।

राजनीतिक अस्थिरतासँगै व्यवस्थापनमा चुक्दा राजाले सैनिक हस्तक्षेप गरी २०१७ सालमा निर्दलीय पञ्चायत व्यवस्था लागु गरेर प्रत्यक्ष शासन गरे । विसं २०३६ सालको जनमत सङ्ग्रह, २०४२ सालको सत्याग्रह र २०४६ सालको जनआन्दोलनमा अग्रपङ्क्तिमा प्रतिबन्धित दल र विद्यार्थीहरू थिए । तर परोक्षरूपमा भारतको सहयोग रहेको तथ्य तत्कालीन आर्थिक नाकाबन्दीले पुष्टि गर्छ । विसं २०५२ सालमा माओवादीले सशस्त्र विद्रोह सुरु गरे । विद्रोहलाई छिमेकी मुलुकमात्र होइन पश्चिमी मुलुकहरूको पनि सहयोग रहेको तथ्य तत्कालीन सरकारलाई आर्थिक सहयोगमा कटौती र २०६२ सालमा दिल्लीमा दलहरूबीच भएको १२ बुँदे सम्झौताले स्पष्ट गर्छ । प्रतिकूल आन्तरिक एवं अन्तर्राष्ट्रिय असहज परिस्थितिको वस्तुनिष्ठ मूल्याङ्कनमा चुक्दै २०६१ सालमा राजा ज्ञानेन्द्रले सेनाको बलमा कार्यकारी अधिकार आफ्नो हातमा लिए । यस कदमले आन्तरिक विद्रोहलाई थप सङ्गठित हुन बल पुऱ्यायो । अन्तर्राष्ट्रिय समुदाय पनि राजाको अधिनायकवादको विरोधमा आर्थिक तथा राजनीतिक दबाब दिन सक्रिय भयो । विसं २०६२ चैतमा शान्तिपूर्ण जनआन्दोलन सुरु भई २०६३ वैशाखमा सफल भयो र विघटित प्रतिनिधि सभाको पुनःस्थापना भयो । उक्त आन्दोलनमा राजनीतिक दल, माओवादी विद्रोही, नागरिक समाज, विद्यार्थी सङ्गठन र सर्वसाधारण जनताको सहभागिता थियो ।

समावेशितामा नीति र व्यवहार जोड्ने कला



विद्यानाथ कोइराला

संवैधानिक रन्को

२०७२ को संविधानको प्रस्तावनामा निजी, सरकारी तथा सहकारीको तीनखम्बे अर्थनीतिको जिकिर छ । यसले निजी र सरकारी विद्यालयबीच सहकार्यको बाटो खोल्छ । के हामीले निजी तथा सरकारी विद्यालयबीचको सहकार्यलाई संस्थागत गरेका छौँ ? संविधानको धारा १६ देखि ४६ सम्म ३१ वटा मौलिक हक छन् । तीमध्ये धारा २४ ले छुवाछुत र जातीय भेदभावविरुद्धको हक सुनिश्चित गरेको छ । के हाम्रा विद्यालयले जातीय छुवाछुत तथा भेदभाव उन्मूलन गरेका छन् त ? धारा ३१ ले आधारभूत तहको अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्छ । के हाम्रा पालिकाहरूले आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षा लागु गरेका छन् त ? संविधानमा माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क भनिएको छ । के हाम्रा पालिकाहरूले यो काम गरेका छन् ? संविधानको धारा ३१.५ र ३२ ले मातृभाषाको माध्यमबाट शिक्षा पाउने हक दिएको छ । के हाम्रा बालबालिकाले मातृभाषालाई माध्यम बनाई पठनपाठनको अवसर पाएका छन् त ? धारा ३८ ले महिलाको हक सुनिश्चित गरेको छ । के हाम्रा पालिकाले बालिका, महिला शिक्षक तथा कर्मचारीहरूलाई ती अधिकार दिएको छ ? धारा ३९ ले बाल अधिकार दिएको छ । के हाम्रा विद्यालय तथा पालिकाहरूले बालबालिकाका सबै हक सुनिश्चित गरेका छन् त ? धारा ४० ले दलितको हक दिएको छ । के हाम्रा विद्यालय तथा पालिकाहरूले दलितलाई पोलेको जातीय छुवाछुतको अन्त्य गर्ने तत्पर ता देखाएका छन् त ? पालिकाहरूले दलितका रैथाने सीप पहिचान गरी तिनको उद्यमीकरण, व्यापारीकरण तथा प्रतिलिपि अधिकार ग्यारेन्टी गरेका छन् ?

संविधानको धारा ४२ ले सामाजिक न्यायको हक दिएको छ । के हाम्रा विद्यालय तथा पालिकाहरूले अपांगता भएका, विपन्न, असहाय बालबालिका तथा युवाहरूलाई सक्षम बनाएका छन् त ? धारा ४३ ले सामाजिक सुरक्षाको हक दिएको छ । के हाम्रा विपन्न, असहाय बालबालिका तथा स्कुले केटाकेटीलाई विद्यालय तथा पालिकाले सामाजिक रूपमा समान अवसर सुनिश्चित गरेका छन् ? धारा ५१ को छ मा शिक्षालाई व्यावहारिक, वैज्ञानिक, जनमुखी, उत्पादनमुखी, राष्ट्रवादी तथा नैतिकवान् विद्यार्थी बनाउने भनिएको छ । के हाम्रा शिक्षकहरूले विद्यार्थीलाई व्यावहारिक, वैज्ञानिक, जनमुखी, उत्पादनमुखी, राष्ट्रवादी शिक्षा दिएका छन् त ? तिनलाई नैतिकवान् बनाएका छन् ? यी काम गर्न विद्यालय व्यवस्थापन समिति र पालिकाहरूले सघाएका छन् त ? यसबारे हामी शिक्षाकर्मीहरू के के गर्दै छौँ ? के के गर्न सक्छौँ ? कसरी गर्न सक्छौँ ?

नीतिगत रन्को

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले पालिकालाई २३ बुँदे कार्यक्रम दिएको छ । ती सबै बुँदामा हामी शिक्षाकर्मीहरूको भूमिका हुन्छ । प्रश्न उठछ- हामीले ती भूमिकाहरू कसरी पूरा गरेका छौँ ? के गर्ने क्रममा छौँ ? किन गर्न सकेका छैनौँ ? कि गर्ने जान्दैनौँ ? वा अरू केही अवस्थामा छौँ ? यसबारे पालिका र विद्यालयबीच संवाद गरेका छौँ त ? समाधान खोजेका छौँ त ?

प्रत्येक पालिकालाई संविधानमा उल्लिखित हक तथा शिक्षा मन्त्रालयले दिएका २३ बुँदा कार्यान्वयन गर्न शिक्षा नीति, ऐन, नियमावली तथा कार्यविधि बनाउने अधिकार छ । के हाम्रा पालिकाहरूमा यी चार वटै दस्तावेज बनेका छन् त ? छैनन् भने हामी शिक्षाकर्मीहरूको दायित्व के हुन्छ ? हामी के गरिरहेका छौँ ? अब के गर्नुपर्छ ? कसरी गर्नुपर्छ ?

व्यावसायिक तथा प्राविधिक शिक्षा ऐनमा व्यावसायिक तथा प्राविधिक शिक्षालाई छुट्याइएको छैन । सबैलाई व्यावसायिक शिक्षा दिने प्रबन्धको जिकिर पनि छैन । जिम्मेवारी पनि तोकिएको छैन । रैथाने सीपहरूलाई उद्यमीकरण गर्ने चिन्तन पनि छैन । वैदिक संस्कारका ६४ कलामा भएका सीप सिकाउने तर्किब छैन । कसलाई प्राविधिक शिक्षा र त्यो कसरी भन्ने कुरा पनि छैन ।

२०७५ सालमा संघीय शिक्षा नीति बनेको छ । आधारभूत तहमा त्यो नीति लागु गर्न अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ पनि बनेको छ । त्यसमा १ वैशाख २०८५ सम्म पालिकाभित्रका सबैले अनिवार्य रूपमा कक्षा ८ सम्मको अध्ययन पूरा गरेको हुनुपर्छ भनिएको छ । यो र त्यसमा भएका अरू बुँदा कार्यान्वयन गर्न २०७८ सालमा नियमावली पनि बनेको छ । २०८१ सालमा कार्यविधि पनि बनेको छ । के हाम्रा पालिकाहरूले त्यसलाई कार्यान्वयन गरेका छन् त ? नगरेका भए किन गरेनन् ? हामी शिक्षाकर्मीहरूको भूमिका के हुन्छ ? कसरी हामी त्यो भूमिका पूरा गर्न र गराउन सक्छौँ ?

विद्यालय शिक्षा, व्यावसायिक तथा प्राविधिक र उच्च शिक्षा ऐनका पनि तीन वटा अलग अलग मस्यौदा बनेका छन् । ती तीनवटै मस्यौदाहरूमा हाम्रा सहमति के के छन् ? विमति के छन् ? विकल्पहरू के के छन् ? यसैबाट हामीले देशमा कस्तो शिक्षा नीति खोजिरहेका छौँ भन्ने कुराको जानकारी हुन्छ । मेरो अध्ययनले भन्छ- तिनमा धेरै राम्रा कुराहरू पनि छन् । तर, विद्यालय शिक्षा ऐनको केन्द्रमा २१औँ शताब्दीका विद्यार्थी छैनन् । तिनलाई चाहिने शिक्षकसम्बन्धी समझ छैन । तिनको तयारी गर्ने विधि पनि छैन । व्यावसायिक तथा प्राविधिक शिक्षा ऐनमा व्यावसायिक तथा प्राविधिक शिक्षालाई छुट्याइएको छैन । सबैलाई व्यावसायिक शिक्षा दिने प्रबन्धको जिकिर पनि छैन । जिम्मेवारी पनि तोकिएको छैन । रैथाने सीपहरूलाई उद्यमीकरण गर्ने चिन्तन पनि छैन । वैदिक संस्कारका ६४ कलामा भएका सीप सिकाउने तर्किब छैन । कसलाई प्राविधिक शिक्षा र त्यो कसरी भन्ने कुरा पनि छैन ।

उच्च शिक्षा विधेयकको मस्यौदामा पनि उच्च शिक्षा कसैलाई कि सबैलाई भन्ने यकिन छैन । त्यसमा अनुसन्धान, नवप्रवर्तन तथा विकासलाई संस्थागत गर्ने तरिका पनि उल्लेख छैन । प्रतिलिपि अधिकार लिने प्रबन्ध के हो भनी चर्चा पनि गरिएको छैन । आर्जित सीपलाई समुदायसँग जोड्ने तरिका के हो भन्ने कुराको जवाफ छैन । सबैलाई गरिखाने बनाउने कसरी हो र कसले हो भन्ने कुराको जवाफ छैन । यसबारे हामी शिक्षाकर्मीको सोच के हो ? हामी जतिबेला पनि एक थान संघीय शिक्षा ऐनको मात्र कुरा गरिरहेका छौँ । जबकि, ऐन कार्यान्वयन गर्न नियमावली तथा कार्यविधि पनि जरुरी हुन्छ । संविधान तथा नीतिसँग तिनको तालमेल पनि हुनुपर्छ । त्यसरी यी दस्ताबेजहरूलाई हेरिएको छैन । किन यस्तो भयो ? हामीले के गर्नुपर्ने हो ?

समावेशिताको रन्को

संविधानको धारा १८ र ३१ लाई ध्यानमा राखी जात, जाति, लिंग, अपांगता तथा अन्य कुरालाई समावेश गर्न केही नीति बनाइएका छन् । सन् १९९६ को विशेष शिक्षा नीति छ । सन् २०१४ को समावेशी सूचकमा आधारित शिक्षामा रणनीतिक समतासम्बन्धी नीति छ । सन् २०१६/१७ को अपांगता भएका विद्यार्थीहरूलाई समावेशी शिक्षा दिने नीति छ । त्यसलाई कार्यान्वयन गर्न सन् २०१७ मा समावेशी ऐन पनि बनेको छ । सन् २०१८ को अनिवार्य तथा निःशुल्क शिक्षा ऐनमा पनि समावेशिताको कुरा उल्लेख छ । सन् २०१९ को राष्ट्रिय शिक्षा नीति पनि छ । सन् २०२२ देखि २०३२ सम्मका लागि बनेको विद्यालय शिक्षा क्षेत्र योजना एसईएसपी पनि छ ।

किन हुन्छ महिला तथा बालबालिकालाई हिंसा ? अध्ययन भन्छन्- नेपालको पारिवारिक संरचना नै विभेदकारी छ । त्यसले लैंगिक विभेदलाई निरन्तरता दिन्छ । बालबालिकाहरूले हिंसात्मक कार्यहरू पनि देखेका छन् । गरिबीले पनि हिंसा बढाएको छ । सामाजिक मानक पनि त्यही स्वरूपको छ ।

माथिका नीति, ऐन, नियम, कार्यविधि आदि कार्यान्वयन गर्न हामीसँग युनिसेफ तथा युनेस्कोले सघाएका विशेष विद्यार्थीका लागि स्रोत केन्द्रहरू छन् । सरकारले महिला तथा समावेशी शिक्षा सञ्जाल (जीआईईएन) गठन गरेको छ ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सेवा सुधारको माग



काँक्रेविहार संवाददाता
जुम्ला, १२ चैत

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको सेवा सुधार आवश्यक रहेको भन्दै सरोकारवालाहरूले गम्भीर ध्यानाकर्षण गराएका छन्। स्वास्थ्य सेवा, शिक्षा र अनुसन्धानका लागि २०६८ सालमा स्थापना भएको प्रतिष्ठानले १४ वर्ष बितिसक्दा पनि अपेक्षाअनुसार सेवा दिन नसकेको गुनासो उठेको हो।

बुधबार जुम्लामा आयोजित सर्वदलीय तथा सर्वपक्षीय छलफल कार्यक्रममा राजनीतिक दल, नागरिक समाज, पत्रकार तथा सर्वसाधारणले प्रतिष्ठान भरपर्दो सेवा दिन नसक्दा सामान्यदेखि जटिल बिरामीसमेत बाहिर रेफर गर्नुपर्ने अवस्था रहेको बताएका छन्। चन्दननाथ नगरपालिका-२ का वडाध्यक्ष हेमबहादुर बुढ्थापाले प्रतिष्ठानलाई पश्चिम नेपालको स्वास्थ्य भरोसा केन्द्र भनिए पनि व्यवहारमा रेफरल सेन्टर जस्तो बनेको टिप्पणी गर्दै सेवा सुधारमा ध्यान दिन आग्रह गरे।

साथै, प्रतिष्ठानले स्वास्थ्य सेवाभन्दा चिकित्सा शिक्षामा बढी केन्द्रित भएको आरोप पनि लगाए। स्थानीय सर्पानन्द हमालले ओपीडी, ल्याब र बिलिङ काउन्टरमा अत्यधिक भीड हुने समस्या रहेको भन्दै सेवा छिटोछरितो र व्यवस्थित बनाउन सुझाव दिए। नागरिक समाजका अध्यक्ष राजबहादुर महतले कर्मचारी भर्ना, सुशासन र सेवा प्रवाहमा पारदर्शिता अभाव रहेको आरोप लगाए। उनले गुणस्तरीय औषधि अभाव, चिकित्सकको व्यवहार, सरसफाइ र खानेपानी व्यवस्थापनमा सुधार आवश्यक रहेको बताए।

नेपाल पत्रकार महासंघ जुम्लाका अध्यक्ष पूर्णप्रसाद चौलागाईंले उपकरण बिग्रिएर सेवा अवरुद्ध हुने, कर्मचारीमा राजनीतिक प्रभाव र अनियमितता जस्ता समस्या दोहोरिने गरेको उल्लेख गर्दै सुधारका लागि कडाइ गर्नुपर्ने बताए। विभिन्न राजनीतिक दलका प्रतिनिधि तथा स्थानीय अगुवाहरूले पनि प्रतिष्ठान सेवा-मुखी नभई आम्दानीमुखी भएको आरोप लगाउँदै नागरिकको स्वास्थ्यप्रति जिम्मेवार बन्न आग्रह गरेका छन्। जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यले सेवा प्रवाहमा बारम्बार समस्या देखिएकाले नयाँ नेतृत्वले परिणाममुखी काम गर्नुपर्नेमा जोड दिए। तातोपानी गाउँपालिकाका अध्यक्ष नन्दप्रसाद चौलागाईंले स्थानीय तहसँगको सहकार्यमा डाक्टर उत्पादन गर्ने कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन नभएको बताए। कार्यक्रममा प्रतिष्ठानका शिक्षाध्यक्ष डबलबहादुर धामीले शैक्षिक प्रगति र नर्सिङ निर्देशक सविना थापाले स्वास्थ्य सेवासम्बन्धी प्रस्तुति दिएका थिए।

तथ्यांकमा प्रगति देखिए पनि व्यवहारमा अझ सुधार आवश्यक रहेको सहभागीहरूको भनाइ थियो। पूर्वराज्यमन्त्री बहादुर महतले जुम्लामा डाक्टर उत्पादन हुनु सकारात्मक भए पनि सामान्य बिरामीसमेत रेफर हुनुपर्ने अवस्था दुःखद रहेको बताए। नेकपाका नेता विष्णु महतले विशेषज्ञ डाक्टर उत्पादन गर्ने संस्थाप्रति जनविश्वास किन कम छ भन्ने प्रश्न उठाए।

प्रतिष्ठानका उपकुलपति डा. पुजन रोकायाले सीमित स्रोतसाधनका बीच सेवा, अध्ययन र अनुसन्धानलाई अगाडि बढाइएको बताउँदै डायलाइसिस सेवा र ब्लड बैंक सञ्चालनमा ल्याइएको जानकारी दिए। उनले बहुउद्देश्यीय परियोजना अलपत्र परेको र बजेट अभावका कारण चुनौती भए पनि सेवा सुधार प्राथमिकतामा रहेको उल्लेख गरे। रजिष्ट्रार लक्ष्मीचन्द्र महतले सरकारी बजेट घट्दै जाँदा सञ्चालनमा कठिनाइ भएको बताउँदै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सबै पक्षको सहयोग आवश्यक रहेको बताए।

आलु खेती प्रवर्द्धन कार्यक्रम सुरू, किसान उत्साहित



काँक्रेविहार संवाददाता
सल्यान, १२ चैत

सल्यानमा आलु खेतीलाई व्यावसायिक बनाउने उद्देश्यसहित कृषि विकास कार्यालयले चार स्थानीय तहमा आलु प्रवर्धन कार्यक्रम सञ्चालनमा ल्याएको छ। कार्यक्रम बागचौर नगरपालिका, वनगाड कुपिण्डे नगरपालिका, दार्मा गाउँपालिका र छत्रेश्वरी गाउँपालिकामा कार्यान्वयन भइरहेको छ।

कार्यालयका अनुसार कार्यक्रमका लागि ६ वटा व्यक्तिगत फर्म, तीन किसान समूह र चार सहकारी छनोट गरिएको छ। यसमार्फत करिब २५ हेक्टर क्षेत्रफलमा आलु खेती विस्तार गरिनेछ, जसबाट एक सयभन्दा बढी किसान प्रत्यक्ष रूपमा लाभान्वित हुने अपेक्षा गरिएको छ।

कार्यालय प्रमुख महेश आचार्यका अनुसार किसानको आयस्तर वृद्धि गर्ने लक्ष्यका साथ कार्यक्रम अघि बढाइएको हो। सहभागी किसानलाई मिनी टिलर, कृषि औजार, ड्रम, सिँचाइका लागि कुलो निर्माण, प्राविधिक सहयोग तथा आवश्यक तालिम प्रदान गरिनेछ। वनगाड कुपिण्डे-१२ को निगालचुला र बागचौर-११ तथा १२ को बाफुखोला क्षेत्र वर्षे आलु उत्पादनका लागि परिचित क्षेत्र हुन्। यस्तै, जिल्लाका सबै पालिकामा हिउँदे आलु उत्पादन हुँदै आएको छ। गत वर्ष सल्यानमा ५२ हजार तीन सय मेट्रिक टन आलु उत्पादन भएको थियो। अनुमानित मूल्य करिब एक अर्ब ७१ करोड रुपैयाँ बराबर रहेको छ। त्यसमध्ये करिब २ ९ करोड रुपैयाँ बराबरको आलु जिल्लाबाहिर निर्यात गरिएको थियो। हाल जिल्लामा चार हजार चार सय ३५ हेक्टर क्षेत्रफलमा आलु खेती भइरहेको छ, जसमा दुई हजार ७ सय ५ हेक्टरमा वर्षे र एक हजार ७ सय ३० हेक्टरमा हिउँदे आलु उत्पादन हुँदै आएको छ।

सम्झौता भएको चार वर्षपछि पक्की पुल निर्माण हुँदै



काँक्रेविहार संवाददाता
सिमकोट, १२ चैत

हुम्लाको कर्णाली कोरिडोर अन्तर्गत खार्पुनाथ गाउँपालिका-५ स्थित खार्पुको दोजाममा कर्णाली नदीमाथि पक्की पुल निर्माण कार्यले तीव्रता पाएको छ। सम्झौता भएको चार वर्षपछि निर्माण कम्पनीले कामलाई गति दिँदै आगामी जेठ मसान्तसम्म पुल सम्पन्न गर्ने लक्ष्य राखेको छ। हिल्सा-सिमकोट सडक योजनाले स्वच्छन्द माउन्ट पुमरी जेभीसँग २०७८ असोज १४ गते पुल निर्माण सम्झौता गरेको थियो। सुरुमा काम अघि बढे पनि पूर्वतर्फ तातोपानी निस्किएपछि करिब एक वर्ष निर्माण कार्य रोकिएको थियो। त्यसपछि तातोपानी व्यवस्थापन गर्दै सुस्त गतिमा काम अघि बढाइएको भए पनि चालु वर्षदेखि भने निर्माण कार्य तीव्र रूपमा भइरहेको योजना प्रमुख बेलबहादुर नेपालीले जानकारी दिएका छन्।

हाल पुलका दुवैतर्फका संरचना निर्माण सम्पन्न भइसकेका छन् भने आवश्यक स्टिल सामग्री पनि निर्माण स्थलमा पुऱ्याइएको छ। नदी कटानबाट जोगाउन ग्याबिन जडानको काम समेत सकिएको छ। अहिले बिहानदेखि बेलुकासम्म काम भइरहेको र स्टिल संरचना जडानको काम पनि सम्पन्न भइसकेको जनाइएको छ। ५५ मिटर लम्बाइको उक्त पुल निर्माणका लागि ११ करोड ८३ लाख ९४ हजार रुपैयाँ लागत निर्धारण गरिएको छ।

परियोजनाको भौतिक प्रगति करिब ५० प्रतिशत पुगेको छ भने वित्तीय प्रगति करिब २० प्रतिशत मात्रै रहेको छ। २०८० असोज ६ गते म्याद थप गरिएको यस पुललाई अबको दुई महिनाभित्र सम्पन्न गर्ने निर्माण कम्पनीको दाबी छ। यसअघि पुल निर्माणमा ढिलाइ भएपछि स्थानीयवासीले वैकल्पिक व्यवस्था स्वरूप बेलिब्रिज माग गरेका थिए। सोही अनुसार निर्माणाधीन पुलभन्दा केही माथि अस्थायी बेलिब्रिजसमेत निर्माण गरिएको छ।

स्थानीय तहमा बढ्दो बेरुजु

काँक्रेविहार संवाददाता
बैतडी, १२ चैत

जिल्लाका स्थानीय तहहरूमा आर्थिक अनुशासन कमजोर देखिँदै गएको छ। एकै आर्थिक वर्षमा चार करोड ६६ लाख ७८ हजार रुपैयाँभन्दा बढी असुल गर्नुपर्ने बेरुजु थपिए पनि हालसम्म उक्त रकम उठ्न सकेको छैन।

महालेखा परीक्षकको कार्यालयले आर्थिक वर्ष २०८०/०८१ को प्रतिवेदनमा असुल गर्नुपर्ने रकम स्पष्ट उल्लेख गरे पनि त्यसको कार्यान्वयन प्रभावकारी हुन सकेको छैन।

अझ जिल्लाका चार नगरपालिका र छ गाउँपालिकामा कुल अद्यावधिक बेरुजु २३ करोड ४३ लाख ७० हजार रुपैयाँ पुगेको देखिएको छ।

तथ्यांकअनुसार स्थानीय तहहरूले राजस्वबाट प्राप्त हुने रकमको ठूलो हिस्सा पदाधिकारीको सेवा-सुविधा, भ्रमण, इन्धन, खानपान तथा आफन्तलाई रोजगारी दिने



जस्ता शीर्षकमा खर्च गर्ने गरेको पाइएको छ।

यसले विकास निर्माणभन्दा प्रशासनिक खर्चमा बढी रकम खर्च हुने प्रवृत्ति देखाएको छ। महालेखाको प्रतिवेदनअनुसार पाटन नगरपालिका र डिलासैनी गाउँपालिकामा असुल गर्नुपर्ने बेरुजु उच्च देखिएको छ। पाटन नगरपालिकामा एक आर्थिक वर्षमै दुई करोड रुपैयाँभन्दा बढी असुल गर्न बाँकी छ भने अद्यावधिक बेरुजु १८ करोडभन्दा माथि पुगेको छ।

डिलासैनी गाउँपालिकामा एक करोड ८६ लाख रुपैयाँ असुल गर्नुपर्ने देखिएको छ भने अद्यावधिक बेरुजु झण्डै ४४ करोड रुपैयाँ पुगेको छ, जुन जिल्लामै उच्च हो।

अन्य पालिकाहरू–सिगास, सुर्नया, दोगडाकेदार, शिवनाथ र पञ्चेश्वर गाउँपालिका तथा मेलौली, दशरथचन्द र पुर्चौडी नगरपालिकामा पनि बेरुजु उच्च देखिएको छ।

स्थानीय बासिन्दाहरूले आधारभूत सेवा–खानेपानी, सडक, पुल, बिजुली, शिक्षा र स्वास्थ्य–समेत प्रभावकारी रूपमा नपाइरहेका बेला ठूलो परिमाणमा बेरुजु बढ्नुले चिन्ता थपिएको छ।

डिलासैनी गाउँपालिकाका अध्यक्ष सन्तोष जोशीले असुल प्रक्रिया चुनौतीपूर्ण रहेको स्वीकार गर्दै कर्मचारी संयन्त्रबाट सहयोग नपाउँदा रकम उठाउन कठिन भइरहेको बताएका छन्। उनले जनप्रतिनिधिले प्रत्यक्ष रूपमा असुलका लागि दबाब दिन नसक्ने अवस्था रहेको समेत उल्लेख गरे।

यसले स्थानीय तहमा पारदर्शिता, उत्तरदायित्व र आर्थिक अनुशासन सुदृढ गर्नुपर्ने आवश्यकता अझ स्पष्ट रूपमा देखाएको छ।

१७ महिनादेखि चिकित्सकविहीन

काँक्रेविहार संवाददाता
बैतडी, १२ चैत

पाटनस्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र १७ महिनादेखि चिकित्सकविहीन हुँदा स्थानीय पशुपालक किसानहरू समस्या भोगिरहेका छन्। केन्द्रका प्रमुख गुमानीदत्त पन्तका अनुसार चिकित्सक अभावका कारण सामान्यदेखि गम्भीर बिरामी पशुहरूको उपचारमा समस्या परेको छ।

करारमा कार्यरत डाक्टरले त्यागपत्र दिएपछि केन्द्रमा चिकित्सकको कमी आएको हो। केन्द्रमा एक जना मात्र पशु चिकित्सकको दरबन्दी भए पनि सुदूरपश्चिम प्रदेश सरकारले उक्त पद पूर्ति गर्न नसकेका कारण सेवा प्रवाह प्रभावित भएको पन्तले



बताए।

उनले भने गम्भीर बिरामी पशुको उपचारका लागि कहिलेकाहीं धनगढीबाट चिकित्सक बोलाउनुपर्ने अवस्था आएको छ।

स्थानीय पशुपालक किसानहरू भने लामो समयदेखि चिकित्सक नहुँदा आर्थिक नोक्सानी भोग्न बाध्य भएको र छिट्टै सेवा सुचारु गर्न पहल आवश्यक रहेको बताइरहेका छन्।

खानेपानी तथा ढल व्यबस्थापन कार्यालय सुर्खेतको सूचना !

पानी हाम्रो जीवनमा नभइ नहुने अमुल्य बस्तु हो। त्यसैले हामी सबैले स्वच्छ पानी प्रयोग गरौं। पानीको श्रोत सधै सफा राखौं। गाइबस्तुलाई कुवा, मुल वा धारामा पानी नखुवाऔं। मानिसले पिउने पानीको स्रोत वरपर वृक्षारोपण गरौं। पानीको स्रोत संरक्षण गरौं। भुक्षय, बाढी पहिरोवाट पानीको मुहान संरक्षण गरौं। पानीको मुहानलाइ सुरक्षित गरियो भने घरघर मा धारामा आउने पानी स्वच्छ र सफा हुनेछ। यदी पानीको मुहान दुषिद भयो भने हामीलाई बिभिन्न खालका रोग लाग्न पनि सक्छ। यसको संरक्षण गर्न सकेनौं भने भविस्यमा पानीको समस्या निम्तन सक्ने भएकाले संरक्षणमा पनि आवश्यक ध्यान दिनु जरुरी छ।

बाटोघाटो बनाउदा, नहर कुलो पानीको मुल मासिन सक्छ, यस्ता काम गर्दा विशेष उपाय अपनाऔं। नहर, कुलो समय/समयमा उपभोक्ताहरु मिलेर सफा गरौं। यस आयोजनाबाट सञ्चालित योजनाहरु समयमै सम्पन्न गर्न सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरौं। ढललाई जथाभावी निकास दिने कार्य बन्द गरौ। साथै कोरोना भाइरस लगायतका रोगका संक्रमणबाट बच्न स्वास्थ्य सुरक्षाका मापदण्ड अनिबार्य अपनाऔं।

खानेपानी तथा ढल व्यवस्थापन कार्यालय
सुर्खेत

डोल्पोबुद्ध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
धो, डोल्पा
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश

- हावाहुरीबाट बचौ र बचाऔं।
- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका धुनौ, छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं, हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

आगलागीबाट बच्नको लागि

- जुनसुकै स्थानमा धुम्रपान नगर्नुहोस्, धुम्रपान गरिसकेपछि तोकेको स्थानमा आगो निभाएर मात्र फाल्ने गरौं।
- सलाई, लाईटर, मट्टितेल र म्यास जस्तो आगो लाग्ने सामग्रीहरुलाई बच्चाहरुको पहुँचबाट टाढा राख्नुहोस्।
- ग्यास, बिजुलीको स्वीच, मल्टिप्लगको प्रयोग गरिसकेपछि अनिवार्य रुपमा बन्द गर्नुहोस्।
- गाउँघरमा खाना पकाइसकेपछि आगोलाई राम्रो सँग निभाउनुहोस्।
- हावा चल्ने समयमा बाहिर चुल्हो नबाल्नुहोस्, आगो लाग्ने समय भएकोले विशेष सावधानी अपनाउनुहोस्।
- घाँस र दाउराको लागि जंगलमा जाँदा आगो लाग्ने सामाग्रीहरु पूर्ण रुपमा निषेध गर्नुहोस्।
- गहुँ काटिसकेपछि गहुँ अवशेषलाई आगो नलगाउनुहोस्, किनकी यस्तो कार्यले गहुँबालीको साथै गाउँघरमा आगो लाग्न गई जनधनको समेत क्षति हुने भएको हुँदा विशेष सावधानी अपनाउनुहोस्।
- यस्तो समयमा आगो लाग्ने घटनाबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं।
- घर वरिपरि झारपात जम्मा हुन नदिऔं।

दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छा त्यसैले :
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं।
- पानी उमालेर मात्र पिऔं।
- उमाल्न सम्भव नभएमा करण गरेर मात्र पिऔं।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।
- पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं।
- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं।
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं।

‘लु’ प्रतिकार्य तयारीको उच्चस्तरीय अनुगमन



काँक्रेविहार संवाददाता
बाँके, १२ चैत

नेपालगन्ज उपमहानगरपालिकामा तातो हावा ‘लु’ को जोखिमलाई ध्यानमा राख्दै पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी गतिविधिहरूको उच्चस्तरीय अनुगमन गरिएको छ। अनुगमनका क्रममा नेपाल रेडक्रस सोसाइटी बाँके शाखाले सञ्चालन गर्दै आएका तातो हावा सम्बन्धी कार्यक्रमहरूको प्रस्तुति, उपमहानगरपालिका र रेडक्रसबीचको सहकार्यबारे अन्तरक्रिया तथा कुलिङ सेन्टरहरूको अवलोकन गरिएको थियो।

साथै समुदायस्तरमा सञ्चालन भएका गतिविधिहरूको स्थलगत निरीक्षणसमेत गरिएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख इन्जिनियर दिनेश भट्टले बताए। उनले तातो हावा पनि एक प्रमुख विपद् भएको उल्लेख गर्दै नेपालगन्जमा सञ्चालन भइरहेका प्रतिकार्य कार्यक्रमलाई नमुना अभ्यासका रूपमा लिएको बताएका छन्।

उनले प्राधिकरणले यस विषयमा योजनाबद्ध रूपमा काम गरिरहेको जानकारी दिए। अनुगमनमा रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीको अन्तर्राष्ट्रिय महासंघका नेपाल प्रतिनिधि टोलीका प्रमुख डेविट फिसर, प्राधिकरणका सहसचिव अमृत श्रेष्ठ, उपसचिवहरू राजेन्द्र शर्मा र सुरेश सुनार, अमेरिकन रेडक्रसका नेपाल प्रतिनिधि हरिबहादुर कार्की लगायतको सहभागिता रहेको थियो।

नेपाल रेडक्रस सोसाइटी बाँके शाखाका सभापति गोवर्धन सिंहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा शाखाका उपनिर्देशक दोलखबहादुर डाँगीले तातो हावाको असर न्यूनीकरणका लागि विगतदेखि सञ्चालन गरिएका गतिविधिहरू प्रस्तुत गरे। यसैबीच नेपालगन्ज उपमहानगरपालिकाका नगर प्रमुख प्रशान्त विष्टले रेडक्रससँगको सहकार्यमा सञ्चालन गरिएका कार्यक्रमहरूले समुदायमा सकारात्मक प्रभाव पारिरहेको बताए। कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत रामहरि शर्मा, रेडक्रस बाँकेका पदाधिकारी तथा विपद् व्यवस्थापन समितिका सदस्यहरूको समेत उपस्थिति रहेको थियो।

कर्णालीको...

गुणस्तरीय बनाउन स्पष्ट मार्गचित्र प्रदान गर्ने विश्वास व्यक्त गरेका छन्। उनले आगामी बजेटमा योजनालाई विशेष प्राथमिकतामा राखिने र प्रभावकारी कार्यान्वयनका लागि आवश्यक स्रोत सुनिश्चित गरिने बताए।

उनका अनुसार योजनाको सफलताका लागि सरकार मात्र नभई शिक्षक, विद्यार्थी, अभिभावक र समुदायबीचको सहकार्य अपरिहार्य रहनेछ। “शिक्षा सुधार केवल सरकारी कार्यक्रम होइन, यो समग्र समाजको साझा जिम्मेवारी हो,” उनले भने। विशेषज्ञहरूका अनुसार यदि योजना प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेमा कर्णाली प्रदेशको शिक्षा क्षेत्रमा गुणात्मक परिवर्तन आउनुका साथै आर्थिक तथा सामाजिक विकासमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ। यस योजनाले कर्णालीलाई शैक्षिक रूपमा सुदृढ बनाउँदै दीर्घकालीन समृद्धिको आधार तयार गर्ने विश्वास गरिएको छ।

ओलीको घोषणा :

जाँचबुझ आयोगको प्रतिवेदन निन्दनीय र खेदजनक, स्वीकार्दैनौं



काँक्रेविहार संवाददाता
काठमाडौं, १२ चैत

नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन निन्दनीय र खेदजनक रहेकाले स्वीकार्य नभएको स्पष्ट पारेका छन्।

बिहीबार एमाले पार्टी कार्यालय च्यासलमा पार्टीका प्रतिनिधिसभा तथा राष्ट्रिय सभा सदस्यहरूसँगको छलफल कार्यक्रममा अध्यक्ष ओलीले आयोगको प्रतिवेदन पूर्वाग्रह ढंगले आएको भन्दै स्वीकार्य नभएको स्पष्ट पारेका हुन्।

उनले आयोगको प्रतिवेदन चरम लापरबाही, चरित्र हत्या र घृणाको राजनीति गर्ने खालको रहेको उल्लेख गरे। घटनामा उपस्थिति नै नरहेको तत्कालीन प्रधानमन्त्री अर्थात् आफुविरुद्ध फौजदारी अभियोगअन्तर्गत छानबिन गर्न र मुद्दा चलाउन सिफारिस गर्नु उचित नभएको उनको भनाइ छ।

त्यस्तै अध्यक्ष ओलीले निर्वाचन परिणामबारे धेरै टिप्पणी गर्ने बेला नभए पनि निर्वाचन परिणाम अनपेक्षित, अस्वाभाविक, अपत्यारिलो र जादुमय रहेको टिप्पणी गरे।

उनले एमालेप्रति कुप्रचारका साथै गम्भीर प्रहार भए पनि त्यसको डटेर सामान गर्न नसकिएको उल्लेख गरे। अहिले देश विषम परिस्थितिमा रहेकाले जिम्मेवार भएर प्रभावकारी भूमिका निर्वाह गर्न सांसदहरूलाई निर्देशन समेत दिए।

उनले आधुनिक बिचार बोक्ने परिवर्तनकारी र अनुशासित पार्टी एमाले बाहेक अरु नरहेकाले अनुशासन पालना गर्न समेत निर्देशन दिए। उनले संसदीय दलमा काम र जिम्मेवारीको आधारमा मूल्याङ्कन गरी जिम्मेवारी दिने भन्दै पदको माग गरेर नआउन समेत सुझाव दिए।

अध्यक्ष ओलीले पार्टीभित्र समस्या खडा गर्नुभन्दा एकताबद्ध र एकढिक्का भएर अघि बढ्नुपर्नेमा जोड दिए।

सरकारलाई कांग्रेसको सुझाव :

भ्रष्टाचार छानबिनलाई पहिलो प्राथमिकता दिनु



काँक्रेविहार संवाददाता
काठमाडौं, १२ चैत

नेपाली कांग्रेसले भ्रष्टाचारसम्बन्धी विभिन्न प्रकरणको छानबिनलाई पहिलो प्राथमिकता दिएर अघि बढाउन नयाँ सरकारलाई सुझाव दिएको छ।

बिहीबार पार्टी कार्यालय सानेपामा आयोजित पत्रकार सम्मेलनमा कांग्रेस प्रवक्ता देवराज चालिसेले मुलुकमा सुशासन कायम गर्नका लागि विभिन्न भ्रष्टाचार प्रकरणको छानबिनलाई पहिलो प्राथमिकता दिएर अघि बढाउन नयाँ सरकारलाई सुझाव दिएका छन्।

विभिन्न प्रकरणलाई राजनीतिक बहस, पार्टीसँग जोड्ने र जनमत प्रभावित पार्ने विषय बनाउन नहुने उनले बताए।

प्रवक्ता चालिसेले संसद्मा कांग्रेसले प्रभावकारी भूमिका निर्वाह गर्ने जानकारी दिँदै पार्टीको संशोधित विधानले सांसदहरूको प्रस्तुति र कार्यमूल्यांकन गर्ने विधि अपनाएकाले त्यसअनुसार अघि बढ्ने उल्लेख गरे। त्यस्तै उनले जेन-जी आन्दोलन जाँचबुझ आयोगको प्रतिवेदन प्रथम दृष्टिमा नै अस्पष्ट र अपूर्ण देखिएको धारणा राखे।

कार्की आयोग र मानवअधिकार आयोगको प्रतिवेदन पार्टीले अध्ययन गरे पनि विस्तृत धारणा सार्वजनिक हुने उनको भनाइ छ। प्रवक्ता चालिसेले पार्टी महाधिवेशनमा होमिसकेकाले कुनै पक्ष विपक्ष भन्दा पनि पार्टीलाई एक ढिक्का बनाएर अघि बढ्नुपर्ने बताए।

उनले पार्टीभित्र केही मत-मतान्तर भए पनि आन्तरिक लोकतन्त्र नै पार्टीको सबैभन्दा ठूलो शक्ति भएको उल्लेख गरे।

चंखेली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
हुम्ला
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश

- हावाहुरीबाट बचौ र बचाऔं। - घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका धुनौ, छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं, हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

आगलागीबाट बच्नको लागि

- जुनसुकै स्थानमा धुम्रपान नगर्नुहोस्, धुम्रपान गरिसकेपछि तोकेको स्थानमा आगो निभाएर मात्र फाल्ने गरौं।
- सलाई, लाईटर, मट्टितेल र म्यास जस्तो आगो लाग्ने सामग्रीहरुलाई बच्चाहरुको पहुँचबाट टाढा राख्नुहोस्।
- ग्यास, बिजुलीको स्वीच, मल्टिप्लगको प्रयोग गरिसकेपछि अनिवार्य रुपमा बन्द गर्नुहोस्।
- गाउँघरमा खाना पकाइसकेपछि आगोलाई राम्रो सँग निभाउनुहोस्।
- हावा चल्ने समयमा बाहिर चुल्हो नबाल्नुहोस्, आगो लाग्ने समय भएकोले विशेष सावधानी अपनाउनुहोस्।
- घाँस र दाउराको लागि जंगलमा जाँदा आगो लाग्ने सामाग्रीहरु पूर्ण रुपमा निषेध गर्नुहोस्।
- गहुँ काटिसकेपछि गहुँ अवशेषलाई आगो नलगाउनुहोस्, किनकी यस्तो कार्यले गहुँबालीको साथै गाउँघरमा आगो लाग्न गई जनधनको समेत क्षति हुने भएको हुँदा विशेष सावधानी अपनाउनुहोस्।
- यस्तो समयमा आगो लाग्ने घटनाबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं।
- घर वरिपरि झारपात जम्मा हुन नदिऔं।

दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छा त्यसैले :
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं। - पानी उमालेर मात्र पिऔं।
- उमाल्न सम्भव नभएमा करण गरेर मात्र पिऔं।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।
- पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं। - पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं।
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
हुम्ला
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश

- हावाहुरीबाट बचौ र बचाऔं। - घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका धुनौ, छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं, हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

आगलागीबाट बच्नको लागि

- जुनसुकै स्थानमा धुम्रपान नगर्नुहोस्, धुम्रपान गरिसकेपछि तोकेको स्थानमा आगो निभाएर मात्र फाल्ने गरौं।
- सलाई, लाईटर, मट्टितेल र म्यास जस्तो आगो लाग्ने सामग्रीहरुलाई बच्चाहरुको पहुँचबाट टाढा राख्नुहोस्।
- ग्यास, बिजुलीको स्वीच, मल्टिप्लगको प्रयोग गरिसकेपछि अनिवार्य रुपमा बन्द गर्नुहोस्।
- गाउँघरमा खाना पकाइसकेपछि आगोलाई राम्रो सँग निभाउनुहोस्।
- हावा चल्ने समयमा बाहिर चुल्हो नबाल्नुहोस्, आगो लाग्ने समय भएकोले विशेष सावधानी अपनाउनुहोस्।
- घाँस र दाउराको लागि जंगलमा जाँदा आगो लाग्ने सामाग्रीहरु पूर्ण रुपमा निषेध गर्नुहोस्।
- गहुँ काटिसकेपछि गहुँ अवशेषलाई आगो नलगाउनुहोस्, किनकी यस्तो कार्यले गहुँबालीको साथै गाउँघरमा आगो लाग्न गई जनधनको समेत क्षति हुने भएको हुँदा विशेष सावधानी अपनाउनुहोस्।
- यस्तो समयमा आगो लाग्ने घटनाबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं।
- घर वरिपरि झारपात जम्मा हुन नदिऔं।

दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छा त्यसैले :
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं। - पानी उमालेर मात्र पिऔं।
- उमाल्न सम्भव नभएमा करण गरेर मात्र पिऔं।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।
- पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं। - पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं।
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं।

सम्पूर्ण छपाईका काम
एकै ठाउँमा

लेबल स्टिकर, ब्रोसर पम्प्लेट, क्लेन्डर, पोस्टर

सरकारी फारम, भौचर, चलानी, बिलबुक

पुस्तक, नोटबुक, डायरी, रिपोर्ट, म्यागेजिन, पत्रिका

आइडी कार्ड, बिजिटिङ कार्ड, निमन्त्रणा पत्र, फ्लेक्स, ब्यानर

GLOBAL OFFSET PRESS
offsetpressg@gmail.com
वीरेन्द्रनगर-३ सुर्खेत
९८५८०५४८११, ९८६६५६११४८

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)